# येशूले भन्नुभए अनुसार पत्रुस अनि अरुहरुले चेलाहरु बनाए

बालकहरुलाई सिकानेहरूले अध्ययन डी 3 ख पढ्नु पर्छ।

**प्रार्थना :**"स्वर्गमा हुनुहुने हाम्रो बुवा, हाम्रो प्यारो प्रभु अनि मुक्तिदाता येशू ख्रीष्टका साँचो चेलाहरु बनाउन मैले नेतृत्व गरेकाहरुलाई अनि मलाई सहायता गर्नुहोस्। उहाँको आज्ञा पालन गर्न तथा मानिसले बनाएका सबै नियमहरुलाई होइन तर, तपाईंको आज्ञा पालन गर्न, उहाँलाई औधि प्रेम गर्नेहरुलाई चेला बनाउन हामीलाई मदत गर्नुहोस्। उहाँको नाउँमा यो विन्ती सुनि ग्रहण गर्नुहोस्, आमेन।

1. **पत्रुस अनि अरु प्रेरितहरुले कसरी नयाँ विश्वासीहरुलाई साहसी चेलाहरु बनाए पत्तो लगाउनुहोस्।**


- पेन्तिकोसको दिन यरुशलेममा, रोमी साम्राज्यका चारै दिशाब्राट आएका यहूदीहरुले पत्रुसको उपदेश सुने। धेरै जना विरोधीहरु थिए, तर पत्रुसले तिनीहरुलाई भने, "ए इस्राएली हो...शक्तिका काम र आश्चर्यकामहरुबाट एकजना व्यक्ति अर्थात नासरतका येशूलाई परमेश्वरले नियुक्त गर्नुभएको हो...र तपाईंहरुले...अधर्मीहरुका हातद्वारा उहाँलाई क्रूसमा टाँगेर मार्नुभयो...तर परमेश्वरले उहाँलाई मरेकाहरुबाट बिउँताउनुभयो, परमेश्वरले उहाँलाई प्रभु र ख्रीष्ट समेत तुल्याउनु भयो" प्रेरित 2:22-36।



- 3,000 यहूदीहरुले त्यसदिन पश्चताप गरे, बप्तिस्मा लिए अनि पहिलो ईसाई मण्डलीमा थपिए, प्रेरित 2:32-41।
- अचम्भ, प्रेरित 2 अध्याय शेष हुन अघि, ती हजारौं नयाँ विश्वासीहरुले येशूका सबै आज्ञाहरु पालन गर्न शुरु गरे। यति चाँड़ै त्यो कसरी हुन गयो ? हामी पत्रुस अनि उसका साथीहरुले के गरे खोजी गरौं र हामीले पनि त्यसै गर्न सकौं।
- पेन्तिकोसको सात हप्ता अघि, येशू मुर्दाबाट बौरी उठनु भयो। चालिस दिन भित्रमा उहाँ प्रेरितहरु कहाँ धेरै पटक देखा पर्नु भयो, अनि तिनीहरुलाई उहाँले आफ्नो अन्तिम शिक्षा दिनुभयो। पेन्तिकोसको दिन अघि येशूका प्रेरितहरुले उहाँलाई आकाश तर्फ उठाई लगिएको देखे।
- येशूले धेरै कुराहरु गर्ने आज्ञा गर्नुभयो। सबै आज्ञाहरुलाई हामी सात 'मौलिक' आज्ञाहरुको एक समूह बनाउन सक्छौं जसरी पहिलो 3000 नयाँ विश्वासीहरुले यससरीनै मौलिक रूप दिएर एकै पटकमा सबै पालन गर्न शुरू गरे, प्रेरित 2 अध्याय। नाउँद्वारा उल्लेख नगरिएको आज्ञा, प्रेम मात्र हो, जसलाई तिनीहरुले तिनीहरुको संगती अनि सहभागीद्वारा देखाए।

- पत्रुस झैं चेलाबनाउनेहरुले येशूका सबै आज्ञाहरुमा आज्ञाकारी बन्न सिकाँउदछन्। पूर्ण आज्ञाकारीताले बगाललाई चुँड़ाउन नसक्ने साङ्गला जस्तै, बलियो बनाउँदछ।

- तल दिइएका सात आज्ञाहरुलाई हेर्नुहोस् अनि तपाईंको बगाललाई अझ राम्रो गरी पालन गर्नपर्ने कुनै आज्ञा छ भने (सही) चिन्ह लगाउनु होस्।



1.पश्चाताप, विश्वास, अनि पवित्र आत्मा प्राप्त गर परिवर्तन, नवजीवन, मर्कुस 1:15, यूहन्ना 3:16, यूहन्ना 20:22

**2.बप्तिस्मा लिनु**

बप्तिस्माले नयाँ अनि परिवर्तित जीवन चालू गरुन, प्रेरित 2:38, मत्ति 28:18-20

**3.प्रेम**

परमेश्वर, छिमेकी, विश्वासीहरु, खाँचोमा परेका अनि शत्रुहरु लाई (क्षमा गर्नु) प्रेम गर्नु, मत्ती 22:36-40, यूहन्ना 13:34-35, लूका 10:25-37, मत्ती 5:43-48

**4.रोटी तोड़नु**

प्रभु भोज (प्रभुको मेच) सेवा गर्नलाई हामीले गर्ने सबै कुरासित सम्बद्ध मत्ती 26:26-28, यूहन्ना 4:24

**5.प्रार्थना**

येशूको नाउँ लिएर अन्तर्विन्ती गर्दै व्यक्तिगत अनि पारिवारीक उपासना गर्दै र आत्मिकी लड़न्त लडूदै, यूहन्ना 16:24

6.म्रो धन, समय अनि तोड़ाहरुको भण्डारीपन, लूका 6:38, मत्ति 6:1-4

**7.चेलाहरु बनाउनु** (ख्रीष्टको निम्ति गवाही, उहाँको बगालको गोठालो गर्नु, वचन प्रयोगमा ल्याउनु अगुवाहरुलाई तालिम दिनु, प्रचारकहरु पठाउनु) मत्ति 28:18-20

मत्ति 28:18-20 मा येशूले गर्नुभएको महान आज्ञालाई कण्ठ पार्नुहोस्। साथै त्यहाँ खोज्नुहोस्।

- येशुले कुन अधिकारले उहाँका शिष्यहरुलाई, चेलाहरु बनाउने आज्ञा दिनुभयो?

- बौरी उठनु भएको विजयी ख्रीष्टले, स्वर्ग अनि पृथ्वीमा उहाँलाई दिइएको सारा अधिकारमा हामीलाई आज्ञा दिनुभयो, र यो अधिकार कुनै राजा, राष्ट्रपति वा सैनिक अधिकारी अधिकारभन्दा पनि महानछ। कसलाई चेला बनाउनभनि उहाँले हामीलाई आज्ञा गर्नुभयो?

- बप्तिस्मा बाहेक सबै मानिसहरुलाई चेला बनाउनु उहाँले कसरी भन्नु भएको थियो?

- येशुले कस्तो सान्त्वना दिने प्रतिज्ञा गर्नु भएको छ कि प्रभु येशूले उहाँका सारा आज्ञाहरु पालन गर्नमा, वेलाहरुलाई शिक्षा दिने ठूलो कार्य सजिलो बनाउनलाई, कस्तो न्यानो सान्त्वनाको प्रतिज्ञा गर्नुभएको छः?

- जब परमेश्वरले पेन्तिकोसको दिनमा शक्तिशाली काम थाल्नु भयो, त्यसबेला येशूका शिष्यहरु के गर्दै थिए, प्रेरित : 1:14 मा पाउनुहुनेछ।

- पवित्र आत्माले प्रेरितहरुलाई काम गर्न मदत गर्नुभयो, यसैले यहूदीहरुले पत्रुसको भाषण सुने अनि विश्वास गरे।

**2. साता भरी गर्ने कुराहरुको योजना सहकर्मीहरु सित मिलेर बनाउनु**

- मानिसहरुलाई सम्झना रहोस् भन्ने ध्येयमा, एक सृजनात्मक व्यक्तिलाई प्रभु येशूका मौलिक आन्ताहरुबारे एउटा गीत लेएन लगाउनुहोस्।
- अझ पनि येशूका मौलिक आज्ञाहरु पालन नगर्ने विश्वासीहरुलाई भेट गर्नुहोस् र बातउनुहोस्।
- तिनीहरुलाई, यी सारा आज्ञाहरु, जुन् आज्ञाहरुमा हाम्रा सबै सेवकाइहरु आधारित छन्, जग हो बुझाउनुहोस्।
- यदि विश्वासीहरुले परमेश्वरलाई दिन ओंठले रात तिनीहरुको प्रशंसा गर्छन् तर तिनीहरुले येशूका आज्ञाहरु प्रेमले पालन गर्दैनन् भने, परमेश्वरले तिनीहरुको प्रशंसा ग्रहण गर्नुहुने छैन्, मत्ति 14:1–8।

**३. आउँदो आराधनाको समयको योजना सहकर्मीहरुसित मिलेर बनाउनुहोस्।**

उपलक्ष अनि स्थानीय चलनहरुसित सुहाउँदिलो कुनै पनि ढंगमा प्रस्तुत गर्न कार्यक्रमहरु चुन्नु होस्।

पहिलो मण्डलीको इतिहास भन्नुहोस् अनि पत्रुस र चेला–बनाउनेहरुले नयाँ विश्वासीहरुलाई येशूका आज्ञा पालन गर्न, शुरूदेखिनै कसरी सिकाए भन्नुहोस्।

- मत्ती 28:18–20 अनुसार अन्तिम शिक्षाको विशेषता बुझाउनु होस्।
- विश्वासीहरुलाई प्रभु येशूका सातवटा मौलिक आज्ञाहरु कण्ठस्थ गर्न मदत गर्नुहोस्।
- हाम्रा सारा शिक्षा र सेवकाईको जग नै, यी सात भौलिक आज्ञाहरु हमनीन् विश्वासीहरुलाई बुझाउनुहोस्।
- बुद्धिमान मानिस जसले चटान येशू माथि घर बनायो, त्यस उखानलाई नाटकीय रूप दिन बालकहरुलाई भन्नुहोस्।
- दुवै ज्ञानी मानिसले येशूका आज्ञाहरु सुने अनि पालन गरे, बताउनुहोस्।
- बालकहरुले तयार पारेका प्रश्नहरु प्रौढ़हरुलाई सोधून्।

येशुले भन्नु भएअनुसार, चेलाहरु बनाउनको निम्ति पवित्र आत्माको सहायता माँग्नुहोस्।

प्रभु भोजनको शुरुवात गर्नलाई प्रेरित 2:46 पढ़नुहोस्। यो ख्रीष्टको मौलिक आज्ञाहरु हुन भनि बुझाउनु होस्। पहिलो विश्वासीहरुले येशूको आज्ञा पालन गरी, तिनीहरुको घरमा रोटी तोड़े।

हालैमा विश्वासीहरुलाई येशूका आज्ञाहरु पालन गर्न विश्वासीहरुलाई सिकाउने कार्यकर्त्ताबाट रिर्पोटहरु माग्नुहोस्।

साता भरि गर्ने कार्यक्रमहरुको घोषणा बर बन्दोबस्त गर्नुहोस्।

प्रार्थनाको निम्ति हुइ वा तीनको झुण्ड बनाउनुहोस्, एकार्कालाई उत्साह दिनुहोस् अनि योजनाहरु सुनिश्चित गर्नुहोस्।

यूहन्ना 14:15 कण्ठ गर्नुहोस् ''यदि तिमीहरुले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरु पालन गर।''

# हामी येशूको आज्ञा पालन गर्छौं

## नानीहरुलाई येशूका आज्ञाकारी शिष्य बन्न सिकाउनुहोस्

**प्रार्थना :**"हाम्रा स्वर्गमा हुनुहुने पिता, नानीहरुले येशूलाई प्रेम गर्न अनि उहाँ को पालन गर्नमा मदत पुरयाउनमा, अध्ययनलाई प्रयोग गर्नुहोस्। येशूका पवित्र नाउँमा, आमने।"

बालकहरुले सिक्ने क्रियाकलापहरु चुन्नुहोस्, जो तिनीहरुको उमेर अनि खाँचो अनुसार सुहाउँदो होस्।

ज्ञानी अनि मूर्ख मानिसको कथा बारे मत्ती 7:24-29 देखि ठूला नानी वा शिक्षकले पढ़ी दिऊन।

बालकहरुलाई ध्यानसित सुन्न लगाउनहोस् कि जब ती दुइ मानिसले येशुको शिक्षालाई भिन्दै तरीकाले लिए, के भयो ?

यी प्रश्नहरु गर्नुहोस्। उत्तर प्रत्येक प्रश्नको पछि पाउनुहुनेछ।

कस्ता मानिसहरु, बुद्धिमान मानिस जस्तै छन्? (पद 24 माहेर्नुहोस)

येशूका वचनहरुलाई हामीले कसरी प्रतिक्रिया जनाउँछौं ? (पद 24 हेर्नुहोस्) येशुले जे भन्नु भएको छ त्यसलाई हामीले अभ्यासमा ल्याउनु पर्छ अनि गर्नुपर्छ।

कस्ता किसिमका मानिसहरु मूर्ख मानिस जस्ता हुन्छन्? (पद 26 हेर्नुहोस्)

मूर्ख मानिसको घर के ले भत्कियो ? (पद 27 हेर्नुहोस्)

येशुको शिक्षाले भीड़हरु किन छक्क परे ? (पद 28-2 हेर्नुहोस्, येशुले अधिकारसित सिकाउनु हुन्थ्यो।)



जुन मानिसले बालुवामाथि घर बनायो, दुई मानिसहरुको कथालाई नाटकिय रूप दिनुहोस्, मत्ती 7:24-29। यो नाटकलाई प्रस्तुत गर्नमा नानीहरुलाई मण्डलीका अगुवाहरुले मदत गरुन।

ठूला नानीहरु वा प्रौढ़हरुले यी पाठहरु खेलून् :

- **कथक :** कथालाई संक्षिप्तमा बताउनु अनि बालकहरुलाई तिनीहरुको पंक्तिहरु ऱ्याद गर्न मदत गर्नुहोस्।
- **येशू :**

  साना बालकहरुले यी पाठहरु खेलून :

- **बुद्धिमान मानिस** (ठूला-ठूला ढुंगा वा ईटा हुनपर्छ)
- **आँधी-बेह्री** (धेरै बालकहरु)।

**कथक :**पद 24-25 देखि कथाको पहिलो भाग भन्नुहोस्। त्यसपछि भन्नुहोस्, सुन्नुहोस् येशुले के भन्नुहुन्छ।''

**येशू :**''मैले जे भनेको छु यदि त्यसलाई तिमीहरुले अभ्यासमा ल्याउँछौ भने, तिमीहरु यो बुद्धिमान मानिस झैं हुनेछौ।''

**बुद्धिमान**

**मानिस :**ईटालाई एका-अर्को माथि मिलाउँदै। भन्दछ, ''म यसलाई दृढ़ चटानमाथि निर्माण गर्छु म येशुलाई पालन गर्दैछु।''

**आंधी-बेह्री :**खड़ा गरेको ईटालाई फुक्नु। (त्यसलाई धक्का न लागोस्)

**कथक :**कथाको दोस्रो भाग पद 25-29 देखि भन्नुहोस्। त्यस पछि भन्नुहोस् ''सुन्नुहोस् येशूले के भन्नु हुन्छ।''

**येशू :**मैले तिमीहरुलाई जे भनेको छु यदि तिमीहरुले सुन्छौ मात्र भने, तिमीहरु यो मूर्ख मानिस झैं हुनेछौ।''

**मूर्ख मानिस :**कमराको अर्को भागमा जानु। ईटाहरु एक माथि अर्को राख्दै भन्दछ,''म येशुलाई सुन्छु मात्र म बालुवामाथि निर्माण गर्दैछु। यसरी तयार गर्नु सजिलो छ।''

**आंधी-बेह्रीहरु :** ईटाहरुलाई धकेली दिनु। भन्नु होस्, कति अचम्भ! मानिसहरुले उहांलाई पालन गरेको येशूले चाहनुहुन्छ। अन्य शिक्षकहरुले चाहीं मानिसहरुले उनीहरुलाई सुनेको चाहन्छन्।

**कथक :**नाटकमा मदत गर्ने सबैलाई धन्यवाद दिनुहोस्।

यदि यो नाटक बालकहरुले प्रौढ़हरुको निम्ति गरे, तिनीहरुले माथिका प्रश्नहरु प्रौढ़हरुलाई सोधून्।

बाकलकरुलाई सोध्नु होस् : येशूले हामीलाई के गर्ने आज्ञा गर्नु भएको छ, जसलाई हामीले पालन गर्नुछ (बालकहरुलाई नमूना पेश गर्न लगाउनुहोस्।)



**चटानमा बसालिएको घर**

''तिमीहरुले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरु पालन गर्नेछौ।'' भन्नुभएको कुराको (यहून्ना 14:15) आधारमा ठूला नानीहरुलाई एउटा गीत, कथा वा कविता लेख्न अथवा चित्रहरु कार्म लगाउनु होस्।

चटानमाथि बसालिएको एउटा घरको चित्र बनाउनुहोस् अनि बालकहरुलाई नकल गर्न लगाउन होस्।

- ठूला नानीहरुले सानाहरुलाई मदत गरुन्।
- बालकहरुलाई तिनीहरुले उक्त चित्रहरु अर्को आराधनाको समयमा प्रौढ़हरुलाई देखाउन लगाउनुहोस् साथै प्रभु येशूका वचनहरु कसरी अभ्यासमा ल्याउन पर्छ, त्यसलाई व्याखा गरेर बुझाउन लगाउनु होस्। विश्वासीहरु सुन्ने मात्र हुनु हुँदैन तर उहाँले के भन्नुभएको छ गर्ने हुन पर्छ।

कण्ठ गर्नुहोस् : लूका 11:28

**कविता :**चार जना नानीहरु प्रत्येकले भजन संग्रह 18:2,7,15 र 17 प्रौढ़हरुको निम्ति मुखस्त भन्न लगाउनुहोस्।

**प्रार्थना :**''प्रभु, हामी तपाईंका वचनहरु सुन्न इच्छा गर्दछौं। हामी यी वचनहरुलाई व्यवहारमा ल्याउन पनि चाहन्छौं। हामी येशूमा बुद्धिमान झै, हाम्रो जीवन निर्माण गर्छौं। तपाईंलाई धन्यवाद, येशू, हामीलाई अनन्त जीवन दिनु भएको निम्ति जसलाई आँधी-बेह्री वा कष्टले कहिल्यै पनि खोसेर लैजान सक्नेछैन्।''

# येशू हाम्रो महाराजालाई पालन गर्ने

**हामी विश्वासीहरुले येशूका आज्ञाहरु पालन गर्छौं किनभने हामी उहाँलाई प्रेम गर्छौं।**

जसले बालकहरुलाई सिकाउँछन् अध्ययन एफ ३ ख पढ्नु पर्छ।

**प्रार्थना :**प्रभु येशु, तपाईं हाम्रो निम्ति मर्नु भयो, बौरी उठ्नुभयो अनि महिमामा उकल्नु भयो। मेरा बगालहरु अनि तपाईंलाई प्रेम गर्दछौं। तपाईंका आज्ञाहरु पालन गरेर तपाईंको सेवा प्यारको साथमा गर्न सिकाउनुहोस्।''

**1. आज्ञाकारिताबारे सिकाउनलाई, परमेश्वरको वचन अनि प्रार्थना द्वारा आफैलाई तयार पार्नुहोस्।**

तपाईंको बगाललाई सतावटमा, कष्ट अनि परित्यागमा आज्ञाकारिता ले कसरी बलियो बनाउँदछ, अनि मदत गर्दछ, स्तिफनसको विवरण बाट सिक्नु होस्। उनी येशूका आज्ञालाई पालन गरेर उहाँले के गर्नुभयो त्यसको गवाही र साक्षीको खातिर शहीद हुने पहिलो विश्वासी थिए। (प्रेरित 1:8)



**प्रेरित 7:54–8:8 मा हेर्नु होस्...**

- परमेश्वरको आशिषले स्तिफनसलाई भरेको थियो।
- उनले के देख्न सकेका थिए।
- उनले कसको बारेमा साक्षी दिएका थिए।
- उनले कस्तो प्रार्थना गरे।
- विश्वासीहरु जहीं कहीं गए, तिनीहरुले के गर्न शुरू गरे। यूहन्ना 14:15–21 मा पाउनु हुनेछ...
- विश्वासीहरुले ख्रीष्टप्रति तिनीहरुको प्रेम कसरी दर्शाउनुपर्छ।
- येशुका आज्ञाहरु पालनगर्नेहरुमाथि पर्ने आशिषहरु।

**हिब्रू 5:8–9 मा पत्तो लागाउनुहोस...**

- येशू स्वयँले कसरी आज्ञा पालन गर्न सिक्नु भयो।
- येशुको आज्ञाहरु पालन गर्नेहरुमाथि पर्ने आशिषहरु।

**1. यूहन्ना 2:3-4 मा हेर्नुहोस्...**

- हामी कसरी निश्चित हुन सक्छौं कि हामीले ख्रीष्टलाई चिनेका छौं।
- येशुका आज्ञाहरु पालन गर्नेहरुमाथि पर्ने आशिषहरु।

**1. पत्रुस 1:2 मा हेर्नुहोस्...**

- परमेश्वरले हामीलाई उहाँको आफ्नै बनाउनलाई चुन्नुभएको छ भनि हामी कसरी निश्चय हुन सक्छौं।
- येशूका आज्ञाहरु पालन गर्नेहरुमाथि पर्ने आशिषहरु

**प्रेरित 5:27-32 मा हेर्नुहोस्...**

- विरोधको जवाफ विश्वाससाथ उत्तर दिनलाई हामीले उत्साह कसरी पाउन सक्छौं।
- येशूका आज्ञाहरु पालन गर्नेहरुमाथि पर्ने आशिषहरु मत्ति 28:16-20 मा पउनु हुनेछ...
- येशूले कुन अधिकारमा अन्तिम आज्ञाहरु दिनुभायो।
- अरुलाई येशूका चेलाहरु हुनलाई कसरी मदत गर्ने हामीलाई आज्ञा गर्नु भएको छ।
- येशूका आज्ञाहरु पालन गर्नेहरुमाथि पर्ने आशिषहरु।



**1 पत्रुस 1:13-22 मा पाउनु हुनेछ...**

- आज्ञाकारी ईसाईहरु यस संसारमा तिनीहरुको जीवन कसरी जीउँछन्।
- येशूका आज्ञाकरु पालन गर्नेहरुमाथि पर्ने आशिषहरु।

**प्रकाश 14:12-13 मा पत्तो लगाउन सक्नुहुन्छ।**

- ईसाईहरु कसरी अन्तसम्म ख्रीष्टमा विश्वासी रहन सक्छन।
- येशूका आज्ञाहरु पालन गर्नेहरुमाथि पर्ने आशिषहरु

तल देब्रे तर्फ दिइएका पदहरु पत्तो लागाउनुहोस, येशुको कतिपय आज्ञाहरु जसलाई नयाँ विश्वासीहरुले यरुशलेममा तुरन्तै अभ्यास गरेका थिए (प्रेरित 2:38-46)। प्रत्येक पदहरु दाहिने पट्टि दिइएका विषय मिलाउनुहोस्।

| | |
|---|---|
| **लूका 22:19-20** | **न्यानो संगती** |
| **यूहन्ना 13:34** | **रोटी भाँच्नु** |

| | |
|---|---|
| **लूका 6:38** | **बप्तिस्मा** |
| **मत्ती 28:19-20** | **येशूका नाउँमा प्रार्थना** |
| **यूहन्ना 16:24** | **उदारचित्तले दिनु** |

**2. सप्ताभरिको क्रियाकलापको योजना सहकर्मीहरुसित मिलेर बनाउनु होस्**

- विश्वासको खातिर कष्ट भोगी रहेका अथवा जेलमा थुनुवा विश्वासीहरुलाई भाग 1 मा भएको बाइबलका पदहरु बाट प्रोत्साहन दिनुहोस्।
- सतावट दिनेहरुलाई चिन्नुहोस् अनि तिनीहरुको नाउँ लिएर प्रार्थना गर्नुहोस् जसले गर्दा, परमेश्वरले तिनीहरुलाई आशिष देऊन अनि तिनीहरुले उहालाई चिन्ने उहाँलेनै बनाउन।
- विश्वासीहरुले सतावटको कसरी सामना गरे छलफल गर्नुहोस् अनि कसरी येशूमा तिनीहरु आज्ञाकारी रहन सक्छन् तपाईंले तिनीहरुलाई सिकाउनहोस्। प्रभुको आराधना गर्दै अनि विश्वासी रहने शक्ति माँग्नलाई एक साथ समय बिताउनुहोस्।

**3. आउने दिनका आराधनाको समयको योजना सहकर्मीहरुसित मिलेर बनाउनु**

वर्तमान खाँचोहरु अनि स्थानीय चलनहरुमा सुहाउँदिलो क्रियाकलापहरु चुन्नुहोस्।

प्रेरित 7:51-8:8 मा स्तिफनस शहीद भएको विवरणलाई दोहर्‍यउनुहोस् वा अभिनय गर्नुहोस्।

खण्ड 1 मा दिइएका बाइबलका पदहरुलाई विश्वासीहरुसित समिक्षा गर्नुहोस्। तपाईंले के पाउनु भयो त्यस बारे प्रश्न गर्नुहोस्। तिनीहरुलाई बोल्न उत्साह दिनु होस्। यदि तिनीहरुले सही उत्तर दिनसकेनन् भने, तिनीहरुलाई सही उत्तर बताईदिनुहोस्। गत् महिनामा विश्वासीहरुले येशूका आज्ञाहरु पालन गर्दाहुँदी परमेश्वरले कस्तो आशिष दिनुभयो, त्यसबारे तिनीहरुलाई साक्षी वा एउटा अनुवेदन दिन आग्रह गर्नुहोस्।

बालकहरुलाई तिनीहरुले तयार पारेका नाटक अनि पठनहरु प्रौढ़हरुको निम्ति प्रस्तुत गर्न लगाउनु होस्।

प्रभुभोज बाँट्न भन्दा अघि, थुमाको विवाहको भोजबारे प्रकाश 19:5-10 पढ्नु हवस। प्रभु भोजले हामीलाई येशूका दोस्रो आगमन तर्फ लैजान्छ अनि उहाँसित वृहत भोज उहाँको साथमा गर्नेछौं भनि बुझाउनु होस्।



एकार्काको खाँचो अनि फिक्रीहरु सुन्नलाई, एकार्कामा प्रोत्साहन वचन बोल्नलाई, अनि एकार्का येशूमा आज्ञाकारी रहन प्रार्थना गर्नलाई अनि विश्वासीहरुका शत्रुहरु अनि सताउनेहरुको निम्ति प्रार्थना गर्नलाई उपासकहरुको सानो झूण्डहरु बनाउनुहोस्।

एक साथ कण्ठ गर्नुहोस्-रोमी 6:17-18

# येशु राजाहरुका राजा हुनुहुन्छ

## येशूको आज्ञा पालन गर्न नानीहरुलाई सिकाउनु

**प्रार्थना :**''हाम्रा बुवा, येशूको आज्ञा पालन गर्न बालकहरुलाई मदत पुरयाउन यस अध्ययनलाई प्रयोग गर्नुहोस्, किनभने तिनीहरुले उहाँलाई प्रेम गर्दछन्।''

कुनै वा सबै यी बालकहरुले सिक्ने क्रियाकलापहरु चुन्नुहोस्।

ठूला बालकहरु वा शिक्षकलाई सिपाहीको कथा, जसले येशुको आज्ञा पालनगर्थे, लूका 7:1–10 देखि पढ्न लगाउनु होस्। एक रोमी सेनाको कप्तानले महाराजाको आज्ञाकारी बन्नु के हो बुझ्‍ांउछ।

यदि उचित हुन्छ भने रोमी सिपाहीको चित्रमा रंग भर्न वा नकल गर्न बालकहरुलाई भन्नुहोस्।

कथा सुनाएपछि यी प्रश्नहरु गर्नुहोस्।

- रोमी सिपाहीले उसको निम्ति प्रभु येशूले के गर्नुभएको चाहन्थ्यो ? (उ. : पद 3 हेनुहोस्)
- सिपाहीलाई मदत गर्न येशूलाई कसले सोधे ? (3)
- येशूलाई भेटन त्यो सिपाही बाहिर किन आएन ? (पद 7 उसले सम्झे कि उ योग्यका छैन्।)
- सम्पूर्ण थोकमाथि प्रभु येशूले राज गर्नुहुन्छ विश्वास गर्दै, यस सिपाही कसरी उहाँलाई आफ्ना विश्वास व्यक्त गरयो ?
- सिपाहीले येशूलाई उसको आज्ञाकारीता कसरी देखायो ? (पद 7 उसको बिरामी चाकरलाई के हुनेथियो होला भन्ने येशूका वचनहरु उस ग्रहण गरयो।)



**पावल–तिमोथी बालकहरुको अध्ययन–चेलाहरु बनाउने–एफ 3 बी**

कथाका केहि भागहरुलाई नाटकीय रूप दिनु होस्। नाटक तयार पार्नलाई नानीहरुसित समय बिताउनु होस्। तपाईंले सम्पूर्ण भागहरु नगरे पनि हुन्छ।

ठूला नानीहरु वा प्रौढ़हरुले यी पाठहरु खेलुन :

**कथक :**कथालाई छोटकरीमा बताउनु होस् अनि नानीहरुले के बोल्न पर्ने मदत गर्नुहोस्।

**कप्तान**

**सिपाही**

**येशू**

स–सानाहरुलाई यी पाठहरु खेल्न दिनुहोस् :

**चाकर**–भूइँमा लम्पसार हुनुहोस्, रोगको कारणले मर्नलागे झै अभिनय गर्नु होस्।

**यहूदीहरु :**(कप्तानका मित्रहरु)

**नाटक भाग–1 लूका 7:1–7**

**कथक :** कथाको पहिलो भाग भन्नुहोस् (पद 1–6)। अनि भन्नुहोस्, सुन्नुहोस्, कप्तानको चाकरले के भन्दछ।

**चाकर :**''हजुर, म औधि विरामी परेको छु। मलाई थाहा छू म मर्न लागेको छु।''

**कप्तान :**''येशू कफर्नहुममा आउनु भएको छ। उहाँले तिमीलाई चंगाई गर्न सक्नु हुन्छ। म उहाँकहाँ कसैलाई पठाउनेछु'' यहूदीहरुलाई भन्दछ, ''मेरा यहूदी संगीहरु, मेरो चाकर मर्न लागेको छ। येशूले चंगाई गरी दिऊन भनि उहाँलाई विन्ती गर्नुहोस्। येशू मेरो निम्ति अति महान हुनुहुन्छ उहाँ कहाँ म जान सक्दिन।''

**यहूदीहरु :**''हामी तपाईको खातिर जानेछौं'' येशूको कहाँ जान्छन्, त्यसपछि भन अनि, ''येशू दया गरि हामीसित आउनुहोस्।''

''रोमी कप्तानले उसको चाकरलाई चंगाई गरिदिऊन भनि विन्ति टक्राएकाछन्। तिनी एक भद्र मानिस हुन्। तिनले हाम्रो जातिलाई प्रेम गर्छन्। तिनले हाम्रा समाघर बनाइदिएका छन्।''

**येशू :**''म तिमीहरुसित जानेछु।''

**नाटक भाग–2 लूका 7:7–10**

**कथक :**कथाको दोस्रो भाग भन्नुहोस् (पद 7–10)। भनोस्, ''सुन्नुहोस् कप्तानले के भन्दछन्।''

**कप्तान :**''येशूलाई भेटने म योग्यको छुइन, यदि उहाँले वचन भनिदिनु भए मेरो चाकर निको हुनेछ।'' सिपाही उहाँकोमा जान्छन्।

**सिपाही:** सम्मान गर्दछन्, भन्दछ ''ज्यू हजूर (येशुतर्फ बढ़छन्)

**यहूदीहरु :**कप्तानको घर अब उति टाड़ा छैन्। चाँड़ो गरी हेर्नुहोस्। कप्तानले एउटा सिपाही हामीलाई भेटन पठाएकाछन्।''

**पावल-तिमोथी बालकहरुको अध्ययन-चेलाहरु बनाउने-एफ 3 बी**

**सिपाही :**येशुको सामने पुगेर मन्दछ, ''येशू, मेरो मालिकले जान्दछन् कि तपाईं महान व्यक्ति हुनुहुन्छ। उनलाई थाहा छ, जब तपाईंले हुकुम गर्नुहुन्छ, कति बेर नगरी त्यो पालन गरिइन्छ। उनको चाकरको रोगलाई गइ हालुन भनि आज्ञा गर्नुहोस्।''

**येशू :**''यो सिपाहीको कप्तानले जान्दछ कि आज्ञा पालनको अर्थ के हो। उसले जान्दछ कि मेरा आज्ञाहरुमा अधिकार छन्। उसले यो रोग माथि मेरो शक्ति छ भनेर भरोसा गर्ने इच्छा राख्दछ। मैले इस्राएलमा यस्तो विश्वास देखेको छुइनँ!''

**कथक :**नाटक समाप्त भए पश्चात भन्नुहोस्। नाटकमा मदत गर्ने सबैलाई धन्यवाद दिनुहोस्। बालकहरुको निम्ति मण्डलीका अगुवाहरुसित यी तलका कुराहरुको बन्दोबस्त मिलाउनु होस्।

- आराधनाको समयमा प्रौढ़हरुलाई नाटक प्रस्तुत गर्न।
- अध्ययनको शुरूमा बताइएको प्रश्नहरु प्रौढ़हरुलाई सोध्नु।
- बालकहरुले तयार पारेका कुनै कुरा कविता प्रस्तुत गर्न।

  नानीहरुलाई सोध्नु होस् : येशूले हामीलाई गर्नु भनि दिनुभएको आज्ञा के के हुन, जो हामीले पालन गर्नुपर्छ?

  एउटा मुकुटको चित्र कोर्नुहोस्, कुनै देशहरुमा राजाहरुले लगाउने जस्तै। नानीहरुलाई नकलगर्न लगाउनुहोस्।

- ठूला नानीहरुले सानाहरुलाई सहयोग गरुन्। नानीहरुले तिनीहरुको चित्र आउँदो आराधनाको समयमा प्रौढ़हरुलाई देखाऊन्। अनि त्यसबारे नानीहरुले येशू, राजाहरुका राजा हुनुहुन्छ, अनि उहाँका आज्ञाहरु हामी पालन गर्छौं किनभने हामी उहाँलाई प्रेम गर्छौं भनि दृष्टान्त दिएर बुझाउन लगाउनुहोस्।



यूहन्ना 14:15 मा राजाहरुका राजाले के भन्नुभएको छ कण्ठ गर्नुहोस् : ''यदि तिमीहरुले मलाई प्रेम गर्दछौ भने मेरा आज्ञाहरु पालन गर्नेछौं।

**कविता :**तीनजना नानीहरु प्रत्येकले मत्ती 28:18,19 अनि 20 बाट कण्डस्थ सुनाऊन्।

''स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ।''

''यसकारण जाऊ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता, पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ।''

''मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ। हेर, म युगको अन्त्यसभ्म सधैं तिमीहरुका साथमा छु।''

हामी किन येशूलाई पालन गर्न रुचाउँछौं, भन्नेबारे एउटा कविता, गीत वा छोटो कथा लेख्न ठूला नानीहरुलाई लगाउनुहोस् होस्।

**प्रार्थना :**''प्रभु, हामी तपाईंको वचन सुन्न इच्छुक छौं, अनि तपाईंले जे भन्नुहुन्छ त्यसलाई अभ्यास गर्न पनि चाहन्छौं। हामी तपाईंको आज्ञा मान्न चाहन्छौं किनभने तपाईं राजाहरुका राजा हुनुहुन्छ अनि हामी तपाईंलाई प्रेम गर्दछौं।''

# बाइबलको आधारमा सर्वशक्तिमान परमेश्वरबारे तपाईंका बालकहरुलाई सिकाउनु

**यदि तपाईंले अझसम्मन पावल-तिमोथी अध्ययन ए. 0 च पढ्नु भएको छैन् भने : सिकारु गोठालाहरुका प्रशिक्षकहरु, त्यसो भए अहिले नै गर्नुहोस्।**

**प्रार्थना :**प्रिय प्रभु, तपाईंको आज्ञा पालन गर्न सिकाउनमा माता-पिताहरुलाई मदत गर्नुहोस्, यहोशूले झैं।''


वर्तमान खाँचोहरु अनि स्थानीय चलनहरुमा सुहाउँदो क्रियाकलापहरु चुन्नुहोस्।

1. **तपाईंका नानीहरुलाई सिकाउन परमेश्वरको वचन अनि प्रार्थनासित तपाईको हृदयलाई तयार पार्नोस्।**

**पृष्ठभूमि :**परमेश्वरले आफ्नो मानिसहरुलाई मिश्रको दासत्वदेखि बचाउनु भएपछि, उहाँले तिनीहरुलाई दिन्छु भनि प्रतिज्ञा गर्नु भएको देशमा प्रवेश नगरेर, तिनीहरुले उहाँको आज्ञा उलंघन गरे। तिनीहरु त्यहाँ बस्ने दुष्ट मूर्तिपूजकहरुसित डराएका थिए। तिनीहरुको अविश्वासको कारणले पवित्र हुनु हुनेले तिनीहरुलाई चालीस वर्षसम्म उजाड़ स्थानमा घुम्न दिनुभयो। त्यस पछि, जब तिनीहरुले यर्दन नदी पार गरे, यो एउटा एतिहासीक घटना थियो : किनभने परमेश्वरका मानिसहरुले प्रतिज्ञाको देशमा प्रवेश गर्नलाई अन्तमा विश्वास गरे अनि उत्साह पाए।

यहोशू 3:14-4:6....मा पाउनु हुनेछ...

- यर्दन नदीको छेउमा ढुङ्गाहरु जम्मा गर्न परमेश्वरले उहाँका लोकहरुलाई किन भन्नु भयो ? (उत्तर : यहोशू 4:6-7, ढुङ्गा, निस्तार चाड़ झै, छोरा-छोरीले परमेश्वरले गर्नुभएको महान कामको सम्झना गर्नेछन्। प्रस्थान 12:26-27 तुलना गर्नु होस्।)
- यर्दन नदी तर्फ सबैभन्दा पहिले इस्राएलीहरुमा को गए ? त्यो किन आवश्यक थियो ? (उत्तर : यहोशू 3:14, पुजारीहरु जसले परमेश्वरको करारको सन्दूक बोकेका थिए, तिनीहरु पहिले गए। यसले परमेश्वरको उपस्थितिलाई संकेत गर्दछ, कि उहाँ तिनीहरुकोअघि जानु भयो भनि देखाउँदछ, जसरी येशू हाम्रो अघि जानुहुन्छ, हाम्रा प्रतिज्ञाको देश स्वर्गको बाटो तयार पार्नुहुँदै)
- जब सन्दूक बोक्ने पुजारीहरुले नदीको किनार छुने बित्तिकै के भयो ? (यहोशू 3:15)
- नदीकोबीच देखि बाह्र जनाले के लिएका थिए ? (यहोशू 4:3)
- नदीको ढुङ्गा बाह्र जना अगुवाहरुले कहाँ राखे ? (यहोशू 4:8)



बालकहरुलाई ईसाई शिक्षा र अनुशासन दिलाउनुहोस्।

- बालकहरुको बाबुहरुलाई धेरै प्रशिक्षणहरु दिनुहोस्। (एफिसी 6:4)

## पावल-तिमोथी गोठालाको अध्ययन-चेला बनाउने, सी 2 ए

- बालकहरुसित संधै प्रार्थना र बाइबल अध्ययन गर्नुहोस्। (व्यवस्था 6 अनि 7 अध्याय)
- परमेश्वरको वचन बालकहरुलाई दिनुहोस्, एउटा पुस्तादेखि अर्को पुस्तालाई (भजन संग्रह 78:3-7)
- बालकहरुलाई परमेश्वरको वचनदेखि सोझै सिकाउनुहोस् (व्यवस्था 31:12)। तिनीहरुलाई बाइबलको कथा भन्नुहोस्।
- स-साना नानीहरुले अभिनयहरु गरुन्। नूहको बारे भन्नु छ भने, तिनीहरुलाई पशुहरुको पाठ दिनु होस्, खरायो झै उफ्रेन, सिंहहरु झैं कराउने। साना नानीहरुले छोटो समय सम्म मात्र ध्यान दिने हुनाले, कथा लामो नगर्नु होस्।
- ठूला नानीहरुले सानाहरुलाई सिकाऊन्। एउटै उमेर भएका नानीहरुको एकै झूण्ड नबनाउनुहोस्।
- ठूला नानीहरुले केहि कुरो बाइबलका कथाहरुबाट अभिनय अनि खेलहरु खेल्ने गरुन।
- नानीहरुले प्रौढ़हरुसित मिलेर अति मुख्य विषयहरुको निम्ति प्रार्थना गरुन्, एज्रा 10:1,2 इतिहास 20:12-13
- नानीहरुले प्रौढ़हरुसित मिलेर विशेष आराधनामा परमेश्वरलाई प्रशंसा गरुन, भजन संग्रह 148:13-14, मत्ति 21:15-16।
- नानीहरुलाई प्रौढ़हरुसित मिलेर येशका शिक्षा सुन्न दिनुहोस्। मत्ती 14:21
- जब नानीहरुले खराब काम गर्दछन्, प्रेम सित सच्याउनुहोस्, रीसमा होइन, हितोपदेश 23:13, हिब्रू 12:6-11।
- नानीहरुलाई रीस नउठाउनु होस्। आमा-बुवा वा नानीहरुलाई घृणा गर्नाले श्राप ल्याउँदछ, एफिसी 6:1-4; मलाकी 4:6।
- निर्दोष नानीहरुलाई दोषी काम गराउने कारणहरुलाई टार्नुहवस, मत्ती 18:1-6।
- नानीहरुलाई येशूका प्रेम अनि क्षमाको आश्वासन पक्का गराउनु होस् : मर्कुस 10:13-16।
- यदि तपाईंले आफ्नो नानीहरुलाई पनि सच्चाउँनु हुनुहुन्छ भने एक गोठालो गर्ने एल्डर झै भएर मात्र गर्नुहोस्। : 1 तिमोथी 3:4-5।

**2. साता भरी गरिने क्रियाकलापहरुको योजना सहकर्मीहरुसित बनाउनुहोस्।**

- माता-पिताहरुले आफ्ना नानीहरुलाई घरमा कसरी सिकाउनु पर्छ भनि देखाउनलाई भ्रमण गर्नु होस्।
- जसले नानीहरुलाई सिकाउँछन्, भाग-1 मा दिइएका रूपरेखाहरु प्रयोग गर्न लगाउनुहोस्।
- अन्यजाती परिवारका नानीहरुले क्रियाकलापहरुमा भाग लेऊन जसमा तिनीहरुले पनि आनन्द मनाउन सकून्।

**3. हुन आउने आराधनाको समयको निम्ति गरीने क्रियाकलापहरुको योजना सहकर्मीहरु सित बनाउनु होस्।**

परमेश्वरले मानिसहरुलाई किन यर्दन नदीको किनारमा ढुंङ्गाहरु जम्मा गर्न भन्नु भयो, बुझाउनुहोस् (भाग 1 हेर्नुहोस्)।

ईसाई नानीहरुलाई अर्ती, अनुसाशन कसरी दिनु पर्ने बुझाउनु होस् (भाग 1 हेर्नुहोस्)।

यर्दन नदी पार गरेको कथाको भागलाई नाटकीय ढंगमा ल्याउनुहोस्। नानीहरुलाई सहयोग माँग्नुहोस्।

- प्रौढ़हरुले कथक, यहोशू अनि ढुंङ्गा उठाउनेहरुको पाठ गरुन। ढुङ्गा बोक्नेहरुले एउटा ठूलो ढुङ्गाहरु तयार राख्नपर्छ, अभिनय गरीने स्थानको बिचमा।

## पावल-तिमोथी गोठालाको अध्ययन-चेला बनाउने, सी 2 ए

- नानीहरुलाई इस्राएलीहरु अनि चारजना पुजारीहरुको पाठ खेल्न दिनुहोस् (एउटा ठूलो बाकस बोक्नु होस् वा बोकेको बहाना गर्नुहोस्)।

**कथक :**कथाको पहिलो भाग भन्नुहोस (यहोशू 3:14-17 देखि)। त्यस पछि भन्नुहोस्, ''सुन्नुहोस्, यहोशूले इस्राएलीहरुलाई के भन्दछन् जो प्रतिज्ञाको देशमा पस्न लागेका थिए।''

**यहोशू :**''हामी यर्दन नदी पार गर्नेछौं। यहाँ बाढ़ी आइरहन्छ। तर परमेश्वरले हामीलाई सुखा जमीनबाट लैजानु हुनेछ। उहाँले के गर्नुहुन्छ हेर! पुजारीहरु, परमेश्वरको आज्ञा भएको बाकस बोकेर पानी तर्फ कदम बड़ाऊ।''

**चार पुजारीहरु :**ढुंगाहरु तर्फ बाकसलाई एकसाथ तिनीहरुको शिर माथि उठाएर राख्छन्। भन्दछ, ''हेर पानी माथिनै छ! पानी रास भएर अड़ियो। (ढुङ्गालाई छोड़ेर, नदी पार गर्दछ।)''

**इस्राएलीहरु :**(कुनै संख्यामा) नदी पार गर्न पुजारीहरुलाई पछ्याऊ। भनोस, ''हेर, ओबानो जमीन! हामी ओबानो जमीन माथिबाट जान सक्छौं।''

**ढुंङ्गा उठाउनेहरु अनि यहोशू:** नदी पार गर्न केटा-केटीहरु पछि लाग्छन्। ढुंङ्गाहरु नउठाउनुहोस्। यस्तो भन्नुहोस्, ''परमेश्वरले नदीलाई थाम्नु भएको छ।'' कति उदेकको! ''परमेश्वरले हामीले मदत गर्नुहुँदैछ।''

**कथक :**यहोशू 4:1-7 देखि कथाको दोस्रो भाग भन्नुहोस्। त्यसपछि भन्नुहोस्, ''सुन्नुहोस् यहोशूले इस्राएलका बाह्र कुलका पुरुषहरुलाई के भन्दछन्।''

**यहोशू :**''अब सबैलै नदी पार गरी सकेका छन्, बाह्र बलियो पुरुषहरुले नदीकोबिचदेखि ठूला ढुंङ्गाहरु उठाऊ। यी ढंगुङ्गहरुले हाम्रा छोरा-छोरीहरुले आज परमेश्वरलाई के गर्नु भयो स्मरण गराउनेछन्।''

**ढुंङ्गा बोक्नेहरु :**ढुंङ्गाहरु लिन्छन्। भारी भए जस्तै गर्नुहोस्। पुजारीहरु उभिएको नजिक थाक पार्नुहोस्।

**इस्राएलीहरु :** थाक पारिएका यी ढुंङ्गाहरुको अर्थ के हो?

**यहोशू :**''आज परमेश्वरले तिमीहरुको निम्ति के गर्नुभयो यसले सम्झना गराउनेछ।''

**कथक :**नाटक सिद्धियो भनी जनाउनुहोस् अनि नाटकमा सहयोग गर्ने सबैलाई धन्यवाद दिनुहोस्।

हामीले परमेश्वरका कामहरुको सम्झना गर्छौं बताउनलाई अन्य उदाहरणहरुमाथि कुराकानी गर्नुहोस्। विश्वासीहरुले उदाहरणहरु दिऊन्।

विश्वासीहरुले आफ्नो घरमा नानीहरुलाई सिकाउँदा कसरी आशिषित बने, साक्षी दिन लगाउनुहोस्।

नानीहरुले जे तयार पारेकाछन् प्रस्तुत गर्न दिनुहोस्।

प्रभुभोज परिचय गर्दा लूका 11:10-13 पढ़नुहोस्। प्रभुभोज हाम्रा स्वर्गीय पिताले उहाँका छोरा-छोरीहरुलाई दिनु भएको एउटा सुन्दर वरदान हो भनि बताउनुहोस्।

एफिसी 6:4 सबै मिलेर कण्ठ गर्नुहोस्।

प्रार्थना गर्न, छोरा-छोरीहरुलाई घरमा अनि संगतीहरुमा सिकाउनको निम्ति योजनाहरु तय गर्न, अनि एकार्कालाई प्रोत्साहन दिनलाई दुइ वा तीन व्यक्तिहरुको झूण्ड बनाउनुहोस्।

# बालक अनि जवानले येशूको सेवामा आनन्द मान्छन्

## येशू-बालकहरुको निम्ति सबैभन्दा ठूलो नमूना

नानीहरुको उमेर अनि वर्तमान खाँचोहरुलाई सुहाउँदो क्रियाकलापहरु चुन्नुहोस्।

**शिक्षकको प्रार्थना :** ''प्रभु, तपाईंले जहीं कहीं बालकहरुलाई सँधै प्रेम गर्नुहुन्छ। तपाईं झैं हामीलाई पनि दयालू अनि तिनीहरुलाई दया गर्ने बनाउनुहोस्, अनि तिनीहरुबाट केहि सिक्न सकौं।''

**बाकलकहरुको प्रार्थना :** ''प्रिय येशू, हामी बालकहरुलाई प्रेम गर्नुभएको निम्ति, मानिसहरुले हामीलाई कसरी व्यवहार गर्नुपर्ने भनि देखाइदिनु भएको निम्ति, तपाई झै दयालू बनाउन भएको निम्ति अनि उहाँहरुबाट सिक्न पाएको निम्ति, हामी तपाईंलाई धन्यवाद टक्रयाउदछौं।''

येशूले बालकहरुलाई आफ्नो काखमा लिनुभयो, तिनीहरुमाथि हात राखी आशीर्वाद दिनुभयो। (मर्कूस 10:16)

**एउटा चित्र खिंच्नुहोस्। :**

- बालकहरुले एउटा प्रसन्न बालकको चित्र बनाऊन् जसमा, येशूले बालकहरुलाई प्यार गर्नुहुन्छ भनी दर्शाएकोहोस्।
- ठूला नानीहरुले सानाहरुलाई मदत गरुन।

चित्रहरु माता-पितालाई देखाऊन् अनि साना नानीहरुलाई येशूले प्रेम गर्नहन्छ भनि बुझाउन लगाउनु होस्। प्रभु येशूले नानीहरुलाई कति प्रेम गर्नुहुन्छ मर्कूस 10:13-16 मा पाउनु हुनेछ। यसलाई मुखस्त वा पढ़ेर सुनाउनुहोस्। संभव छन् भने ठूला नानीलाई पढ़न वा कथा सुनाउन लगाउनु होस्।



**नानीहरुलाई सोध्नुहोस् :**

- मानिसहरुले बालकहरुलाई येशू कहाँ किन ल्याएका थिए? (बालकहरुलाई उत्तर दिन लगाउनुहोस्)
- कसले ती मानिसहरुलाई बालकहरु लैजाउन भनि हकारे?
- बालकहरुको बारेमा येशूले के भन्नुभयो?

- हाम्रा येशुको आराधनामा, बालकहरुलाई स्वागत गर्न कतिको महत्वपूर्ण छ?

**सिक्ने क्रियाकलाप:** जब माता-पिताले नानीहरु येशू कहाँ ल्याए, त्यस घटनालाई फेरि सजीव पार्नुहोस्।

**बालक :**तिमीहरु येशूका चेलाहरु हौ भन्ने बहाना गर्नुहोस्।

तपाईंले कुन कारण देखाएर मानिसहरुलाई नानीहरु येशूकहाँ ल्याउनमा बाधा गर्नु हुन्थ्यो? उदाहरणहरु :

- ''येशू अति व्यस्त हुनुहुन्छ।''
- ''उहाँको वचन बुझ्नलाई यी नानीहरु साह्रै कच्चा छन्।''
- हाम्रा महान गुरुलाई तपाईंहरुले अनादर गर्दै हुनुहुन्छ।''
- चेलाहरुले गरेका तिनीहरुलाई थाहा छन् भने ती नानीहरुले भनोस्।

**नानीहरु :** तिमीहरु माता-पिता हौ भनि बहाना गर। नानीहरुलाई येशूकहाँ ल्याउने कुनै कारणहरु तपाईंले भन्न सक्नुहुन्छ।

**नानीहरु :**येशूले ग्रहण गर्नुभएका नानीहरुहुने बहाना गर्नुहोस्। येशूका बारेमा नानीहरु के भन्न सक्छौं?

येशूकहाँ बालकहरु आइरहेका कथालाई नाटकीय रूप दिनुहोस् (मर्कूस 10:13-16)।

- आराधनाको समयमा प्रौढ़हरुअघाड़ि गर्न, यो छोटो नाटक तयार पार्नुहोस्। आराधनाका अगुवाको साथमा प्रबन्ध मिलाउनुहोस्।
- यदि थौरे मानिसहरुले यस नाटकलाई प्रस्तुत गर्नमा सामेल भई दिए द्यैरै गहकिलो हुनजानेछ।
- ठूला नानीहरुले सानाहरुलाई तयार पार्नमा सहयोग गरुन्।
- ठूला नानीहरु वा प्रौढ़हरुले आमा-बुवा, कथक अनि येशूका पाठहरु गरुन्।
- साना नानीहरुले चेलाहरु अनि बालकहरुको पाठहरु खेलुन्।

**आमा-बुवा :**बालकहरुलाई हातमा लिएर येशु कहाँ जाँदछन्, जो कोठाको एक भागमा बसीरहेका हुन्छन्। भनोस्, ''आऊ, हामी येशूलाई भेटन जाऔं।

**कथक :**मर्कूस 10:13 पढ़्दछ।

**चेलाहरु :**(येशूका छेउ उभिन्छन्) **:** माथिका सिक्ने क्रियाकलापमा झैं चेलाहरुले रिसाएर हप्काएजस्तो गर्नुहोस्। चेलाहरुले कस्तो प्रकारले भने, त्यसको कल्पना गरेर चलाउनु होस्।

**आमा-बुवा :**रिसाएर चेलाहरुसित विवाद गर्दछन्, सिक्ने क्रियाकलापमा झैं। आफ्नै शब्दहरु प्रयोग गर्नुहोस्।

**येशू :**येशूका शब्द मर्कूस 10:14 जोड़दिएर बोल्नुहोस्...''साना बालकहरुलाई मकहाँ आउनदेओ, तिनीहरुलाई नरोक, किनभने स्वर्गको राज्य यस्तैहरुको हो।''

**चेलाहरु:**तिमीहरुको आफ्नै शब्दमा भन्नोस् जस्तै...''प्रभु, तपाईं अति व्यस्त हुनुहुन्छ।''''तपाईंले साना बालकहरुसित आफ्नो समय खेर फाल्न सक्नु हुन्न।''

**येशु :**फेरि मर्कूस 10:15 देखि येशूका शब्द जोड़ले बोल्नुहोस्...'साँचो साँचो म तिमीहरुलाई भन्दछु, जसले परमेश्वरको

राज्यलाई एउटा सानो बालक जस्तै ग्रहण गर्दैन त्यो कदापि त्यसभित्र पस्नेछैन्।'' (बालकहरुलाई अंगाल्दछन्)।

**कथक :**मर्कूस 10:16 जोड़सित पढ़नुहोस्, त्यसपछि, नाटकमा मदत गर्ने सबैलाई धन्यवाद दिनुहोस्।

यदि यो नाटक नानीहरुले आराधनाको समयमा प्रस्तुत गर्छन् भने, नानीहरुलाई मर्कूस 10:13-16 बारे प्रौढ़हरुलाई त्यही प्रश्नहरु गर्न लगाउनुहोस्, वा तिनीहरुले तयार पारेका कुनै प्रश्नहरु। तिनीहरुलाई कविता अनि कण्ठ पदहरु प्रौढ़हरुलाई सुनाउन लगाउनुहोस्।

**कविता :** चार जना नानीहरुले एक-एक पद भजन संग्रह 127 पद 1,3,4,5 सुनाऊन्।

परमप्रभुले नै घर नबनाउनु भएता, बनाउनेहरुले व्यर्थमा परिश्रम गर्छन्।

परमप्रभुले शहरको रक्षा नगर्नु भएता, पालेव्यर्थैमा जागो रहन्छ।

छोराहरु परमप्रभुले दिनुभएको उत्तराधिकार हुन, गर्मको फलचाँहि उहाँको इनाम हो।

योद्धाको हातमा भएका काँड़हरुझैं, युवावस्थामा जन्मेका छोराहरु हुन्छन्।

त्यो मानिस धन्यको हो, जसको ठोक्रो काँड़ले भरिएका हुन्छन्।

भूल ढोकामा आफना शत्रुहरूसित बोल्दा तिर्नाहरू लाजमा पर्नेछैनन्।

नानीहरुलाई प्रेम गर्ने मानिसहरु अथवा ससाना नानीहरुलाई मदत गर्ने ठूलठूला नानीहरुबारे, ठूला नानीहरुले कविता, गीत र छोटो कथाहरु लेखून।

कण्ठ गर्ने पद :

- ठूला नानीहरुलाई मर्कूस 10:13-15 कण्ठ गर्न लागाउनु होस्।
- साना नानीहरुलाई मर्कूस 10:14 मा येशूका शब्द कण्ठ गर्न लगाउनुहोस्।